# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँके २०७३

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल


आ.व.: २०८३/०८४ सूचना नं.१८

## पुरानो घर/नक्सा अभिलेखीकरण गर्ने सम्बन्धि सूचना

*(सूचना प्रकाशन मिति २०८३/०६/१५)*

यस बैजनाथ गाउँपालिकाको क्षेत्रभित्र रहेका निजी घर, आवासीय तथा अन्य संरचना एवं त्यस्ता संरचनाले चर्चेको जग्गाको वास्तविक अवस्था, प्रयोगको अवस्था, क्षेत्रफल, स्वामित्व/हकभोगको अवस्था तथा कर प्रयोजनका लागि आवश्यक विवरण समेत समेटी स्थानीय अभिलेख अद्यावधिक गर्ने प्रयोजनका यस गाउँपालिकाको मिति २०८३।०३।३१ गतेको गाउँ सभाको निर्णय अनुसार देहाय बमोजिमका कागजात तथा विवरणसहित २०८३ फागुन मसान्तसम्म पुरानो घर/नक्सा दर्ता गरी अभिलेखीकरण प्रमाण-पत्र लिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. निवेदन — सम्बन्धित घरधनी/जग्गाधनीले तोकिएको ढाँचामा दिएको निवेदन।

२. जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपि — सम्बन्धित जग्गाको स्वामित्व प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि।

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि — घरधनी/जग्गाधनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

४. जग्गाको नापी नक्सा/कित्ता नक्सा — सम्बन्धित कित्ता नं. स्पष्ट देखिने गरी नापी कार्यालयबाट प्राप्त नक्साको प्रतिलिपि।

५. हालसालैको मालपोत/जग्गा कर तिरेको रसिद — सम्बन्धित आर्थिक वर्षसम्मको मालपोत वा जग्गा कर तिरेको प्रमाण।

६. सम्पत्ति कर/घरबहाल कर तिरेको प्रमाण — लागू हुने अवस्थामा सम्बन्धित कर तिरेको रसिद वा प्रमाण।

७. घरको विद्यमान नक्सा — घर तथा अन्य संरचनाको हालको वास्तविक अवस्था देखिने गरी तयार गरिएको नक्सा, जसमा लम्बाइ, चौडाइ, क्षेत्रफल, तला, कोठा तथा अन्य संरचनाहरू स्पष्ट खुलाइएको हुनुपर्नेछ।

८. घरको चारैतर्फको फोटो — घर तथा संरचनाको हालको वास्तविक अवस्था स्पष्ट देखिने गरी खिचिएका फोटोहरू।

९. घर निर्माण भएको वर्ष र संरचनाको विवरण — घर निर्माण भएको अनुमानित/वास्तविक वर्ष, तला संख्या, निर्माणको प्रकार, प्रयोगको अवस्था तथा अन्य आवश्यक विवरण खुलाउनुपर्नेछ।

१०. जग्गाको चारकिल्ला तथा प्रयोगको विवरण — जग्गाको चारकिल्ला, क्षेत्रफल, हालको प्रयोग तथा घरले चर्चेको क्षेत्रफल स्पष्ट खुलाउनुपर्नेछ।

११. स्वामित्व/हकभोग सम्बन्धी प्रमाण — जग्गाधनी बाहेक अन्य व्यक्तिको हकभोगमा रहेको भए हकभोग पुष्टि हुने प्रमाण वा सम्बन्धित पक्षको सहमति/मञ्जुरीपत्र।

१२. संयुक्त स्वामित्वको हकमा — सबै हकवालाको सहमति/मञ्जुरी तथा आवश्यक परिचय खुल्ने कागजात।

१३. अंशबण्डा, नामसारी, बकसपत्र, राजीनामा वा अन्य कारणबाट स्वामित्व प्राप्त भएको भए सो पुष्टि हुने सम्बन्धित कागजातको प्रतिलिपि।

१४. संरचना भाडामा दिइएको भए घरबहाल सम्बन्धी विवरण तथा लागू हुने कर तिरेको प्रमाण।

१५. थप जानकारीका लागि यस गाउँपालिकाका वरिष्ठ इन्जिनियर, टंकर रोकाया (मो. नं. 9868252424) लाई सम्पर्क गर्न सकिनेछ।

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**श्री सूचना प्रविधि अधिकृतज्यू : Website मा प्रकाशन गर्न हुन।**